मिति २०८१/११/२७ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

यस सैनामैना नगरपालिकाको WASH Plan निर्माणको लागि वडागत रुपमा प्रस्तावित योजनाहरुको सम्पूर्ण विवरणको योजना तपसिल बमोजिम प्रमाणिकरण तथा प्राथमिकिकरण गर्ने निर्णय गरियो।

विधमान खानेपानी योजनाहरुको विवरण ( सबै )

| योजनाको नाम | टोल | वडा न. | पालिका स्तरिय प्राथमिकता न (मर्मत संभार) | योजना कार्यन्वयन वर्ष |
|---|---|---|---|---|
| सैनामैना खा.पा.आ. | बनकट्टा | १ | १ | |
| मुर्गिया खा.पा.आ. | मुर्गिया | ४ | २ | |
| बासगढि खा.पा.आ. | बासगढी | ८ | ३ | |
| दुधराक्ष खा.पा.आ. | देवीस्थान | ९ | ४ | |
| बालापुर खा.पा.आ. | बुद्धनगर | ५ | ६ | |
| दरखासी खा.पा.आ. | दरखासी | ३ | ७ | |
| पिपलडाँडा खा.पा.आ. | पिपलडाडा | ९ | ८ | |
| कोटियादेवी खा.पा.आ. | बनकट्टी | १० | ९ | |
| गंगानगर खा.पा.आ. | गंगानगर | ३ | १० | |

## निर्माणधीन (**Ongoing Unserved)**

| योजनाकोनाम | टोल | वडा न. | लाभान्वित सख्या | पालिकास्तरिय प्राथमिकता न. |
|---|---|---|---|---|
| सैनामैना-१ (समाबेसी टोल )खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | समाबेसीटोल | १ | २०५० | १ |
| कुशहमा-चौधरी टोल खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | कुशहमा | ५ | २९६० | २ |
| आपखोला खा.पा आयोजना | भरतपुर | ६ | ४४०० | ३ |
| मुर्धनी टोल (सैनामैना खानेपानी तथा सरसफाइ उपभोक्ता समिति) | मुर्धनीटोल( बन्कट्टा) | १ | ८९५ | ४ |
| चिसापानी खा.पा आयोजना | बनघुसडी | ११ | ९०० | ५ |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८१/११/२७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| मुर्गिया गडानगर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | गडानगर | ४ | १९५६ २०७३ | ६ |
| झिमझिमिया खा.पा आयोजना | झिमझिमिया | १० | ८०० | ७ |
| पिपलडाँडा साहायक खा.पा.आयोजना | पिपलडाँडा-९ | ९ | २७६ | १२ |
| सान्तीपुर खा.पा आयोजना | सान्तिपुर सुखौरा | ६ | २५० | १३ |
| दुधरक्षा खाने पानी आयोजना | पटना | ६ | ९१५ | १४ |
| भचकैया खा.पा आयोजना | भच्कैया | १० | ३०० | १५ |
| बनकट्टी खा.पा आयोजना | बनकट्टी | ११ | ३०० | १६ |

- N-WASH Inventory/Unserved र वडा प्रमाणिकरणमा समावेश भएका योजनाहरुमा संगलग्न गरिएको छ।

| नोट | |
|---|---|
| प्राथमिकता न १ देखि ५ सम्म | अति उच्च |
| प्राथमिकता न ६ देखि ११ | उच्च |
| प्राथमिकता न १२ देखि २० | मध्यम |
| प्राथमिकता न २० देखि तल | न्युन |

**List of HCF/स्वास्थ्य संस्था**

| S.N. | स्वास्थ्य सँस्थाको नाम | टोल वा समुदायको नाम | वडा नं | Priority/प्राथमिकता न | कैफियत |
|---|---|---|---|---|---|
| 1 | परोहा स्वास्थ चौकी तथा सैनामैना नगर अस्पताल | मुर्गिया चोक | ४ | १ | |
| २ | दुधराक्ष स्वास्थ्य चौकी | कलौनी | ६ | २ | |
| ३ | सालझण्डी स्वास्थ्य चौकी | बनकट्टी | ११ | ३ | |
| ४ | आमि स्वास्थ्य सहरी केन्द्र | आमि | ७ | ४ | |
| ५ | आधारभुत स्वास्थ्य सेवा केन्द्र चंकिपुर | सहमति टोल | ९ | ६ | |
| ६ | बाँसगढी आधारभु स्वास्थय सेवा केन्द्र | बाँसगढी | ८ | ७ | |

List of School

| विद्यालयकोपुरा नाम | टोल/समुदायको नाम | वार्ड न | विद्यालयको किसिम | बिद्यालयलको तह | Priority/ प्राथमिकता न |
|---|---|---|---|---|---|

निर्णय प्रमाणित

जीवन ज्ञवाली

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८१/११/२७ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| श्री सैनामैना प्रर्रोहा प्रमेश्वर मा.वि | रानीबगिया | १ | सामुदायिक बिद्यालय | मा.वि तह (१ देखि १२) | १ |
| प्रर्रोहा माध्यमिक विद्यालय | रामनगर | ४ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १२) | २ |
| रामापुर माध्यमिक बिधालय | कलौनी | ६ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १२) | ३ |
| पशुपती माध्यमिक बिधालय | सालझण्डि | १० | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १२) | ४ |
| श्री दुर्गा भवानी मध्यामिक बिद्यालय | बनकट्टा | १ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १२) | ५ |
| पश्चिम प्रर्रोहा मा वि | बक्सद | ५ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १०) | ६ |
| मलमला देवी मा वि | गडहवा | ५ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १०) | ७ |
| सालझण्डी मा.वि | झिमझिमिया | १० | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १०) | ८ |
| जन चेतना माध्यमिक विद्यालय | बासगढी | ८ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १०) | ९ |
| श्री राष्ट्रिय मा वि | आमी | ७ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १०) | १० |
| श्री सरस्वती मा वी | दउवापार | ७ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १०) | ११ |
| कोटिया देवी मा वि | ताली | ११ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १०) | ११ |
| जन कल्याण मा वि | भाटाचौर | ६ | सामुदायिक बिद्यालय | मावि तह (१ देखि १२) | ११ |
| महेरवादेवि आ. वि | जलैय | ११ | सामुदायिक बिद्यालय | आधारभूततह (१ देखि ८) | १२ |
| जन ज्योति आधारभूत बिधालय | जनज्योति टोल | ११ | सामुदायिक बिद्यालय | आधारभूततह (१ देखि ८) | १२ |
| श्री जनज्योती आधारभुत विद्यालय | पर्सवाल | ३ | सामुदायिक बिद्यालय | आधारभूततह (१ देखि ८) | १२ |

### निर्णय नं २

पहिलो, दोस्रो, तेस्रो वर्ष कार्यन्वयन गर्ने योजनाहरुका साथै क्रमागत गर्ने योजनाहरुको सुची माथि भएका निर्णय बमोजिम N-WASH System मा राखे निर्णय गरियो।

### निर्णय नं ३

*N-WASH System* मा भएको तथ्यांक अध्यावधिक गर्ने तथा *N-WASH System* मा छुटेका खानेपानी आयोजना, विद्यालय, स्वास्थ्य संस्था र शौचालयहरुको तथ्यांक थप गर्ने निर्णय गरियो।

### निर्णय नं. ४

सैनामैना नगरपालिकाको *WASS- Plan* तयार गर्ने र उक्त कार्यको लागि रु ५३००००। नगर स्तरीय कार्यक्रम शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/११/२७ गतेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु

निर्णय नं. ५

सैनामैना नगरपालिकाको गैर नाफामुखी तथा सेवामुलक संस्थालाई अनुदान दिने सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

स्थानीय तह स्थानीय पूर्वाधार सहायोग कार्यक्रम (LISP) संगको सहकार्यमा कार्यक्रम सञ्चालनका लागि तपसिलका सुचक (सुचक१(क),(ख),(ग),२,३,१५) सम्बन्धी बिषयमा यस सैनामैना नगरपालिका ईच्छुक तथा प्रतिवद्ध भएकोले तपसिलका प्रतिबद्धता सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा योजना तथा कार्यक्रमको लागि अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

१. स्थानीय तहको इच्छा र प्रतिबद्धता:

(क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने।

(ख) स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन, र विधि अवलम्बन गर्ने ।

(ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रममार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेट्को पूर्वाधार शीर्षकमा समावेश गर्ने।

२. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा बिनियोजन गर्ने ।

३. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने।

१५. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्ने।

निर्णय नं. ७

बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजनाको च.नं. ४२ मिति २०८१/०६/१८ गतेको पत्र अनुसार सैनामैना नगरपालिकाका वडा नं. ९ र ११ मा रहेका र प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख गरिएका स्थानका विभिन्न व्यक्तिहरुले भोगचलन गरेको जग्गाको २७५९३.४१ घनमिटर माटो ढुङ्गा गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा १२ " को प्रक्रिया पूरा गरी सैनामैना नगरपालिकाको आर्थिक ऐन २०८१ ले तोकेको दररेटमा नघट्ने गरी रोयल्टी र मु.अ.कर समेत असुल गरी राष्ट्रिय प्राथमिकता प्राप्त/रुपान्तरणकारी योजना अन्तर्गत बुटवल -गोरुसिंगे -चन्द्रौटा सडक योजनालाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८१/११/२७ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

नगर कार्यपालिकाको कार्यालय बुद्धनगर, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

### निर्णय नं. ८

पर्रोहा स्वास्थ्य चौकीको च.नं. ६७ मिति २०८१/११/१३ को प्राप्त पत्रानुसार सैनामैना नगर अस्पतालमा जडान भएको एक्सरे मेशिन सञ्चालन गर्नको लागि तलव भत्ता सोही स्वास्थ्य संस्थाबाट उपलव्ध गराउने गरी एक जना रेडियोग्राफर राख्ने व्यवस्था अगाडि बढाउने निर्णय गरियो ।

### निर्णय नं. ९

विद्यालय साझेदारी योजना अन्तर्गत पश्चिम पर्रोहा मा.वि. को ठेक्कामा घटेको रकमबाट सोही विद्यालयको थप पूर्वाधार निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

### निर्णय नं. १०

सैनामैना नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सतह सिंचाइको लागि विनियोजन भएको रु २५०००००। बाट तपसिलका योजना संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्रं.सं. | योजनाको नाम | स्थान | विनियोजित रु |
|---|---|---|---|
| १ | पहिला खोला भजना पश्चिम सिंचाई आयोजना मर्मत एवं पूर्वाधार निर्माण | सैनामैना ११ | ४००००० |
| २ | फच्कापुर सिंचाई आयोजना मर्मत एवं पूर्वाधार निर्माण | सैनामैना १० | ४००००० |
| ३ | भड्सा सिंचाई आयोजना मर्मत एवं पूर्वाधार निर्माण | सैनामैना ८ | ४००००० |
| ४ | शान्तिपुर सुखौरा सिंचाई आयोजना मर्मत एवं पूर्वाधार निर्माण | सैनामैना ६ | २००००० |
| ५ | बैकुण्ठपुर सिंचाई आयोजना मर्मत एवं पूर्वाधार निर्माण | सैनामैना ६ | २००००० |
| ६ | भरतसुर टोल लौदापानी सडकमा पर्ने सतह सिंचाई निर्माण | सैनामैना ६ | १५०००० |
| ७ | हरियाली कृषक समूह सिंचाई पूर्वाधार | सैनामैना ५ र ६ | १००००० |
| ८ | रन्यौरा सिंचाई विस्तार मर्मत एवं पूर्वाधार निर्माण | सैनामैना ४ | ४००००० |
| ९ | पश्चिम संगानगर सिंचाई आयोजना मर्मत एवं पूर्वाधार निर्माण | सैनामैना ३ | २५०००० |
| | जम्मा रु | | २५००००० |

### निर्णय नं. ११

विभिन्न शाखा तथा वडाबाट सिफारिस भइ आएका तपसिलका योजनाहरु संशोधन एवं रकमान्तर गर्ने निर्णय गरियो ।

| क्रं.सं. | साविक योजना/कार्यक्रम विवरण | विनियोजित रु | संशोधन/रकमान्तर योजना/कार्यक्रमको विवरण | विनियोजित रु |
|---|---|---|---|---|
| १ | वेम्टेनी स्यालो ट्यूवेल जडान सैनामैना १० | २००००० | बेम्टेनी खेल मैदान निर्माण सैनामैना १० | २००००० |
| २ | नदीजन्य निकाशी सडक मर्मत सैनामैना १० | २६५००० | धर्मथप सडक कालोपत्रे सैनामैना १० | २६५००० |
| ३ | योग शिविर संचालन सैनामैना | ७५००० | *बाद्यवादन तालिम संचालन (थप* | ७५००० |

निर्णय प्रमाणित

जीवन ... प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा नगर प्रमुख

मिति २०८१/११/२७ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| | ९ | | *सैनामैना ९* | |
| ४ | परमेश्वर टोल भवानी पथ अधुरो नाली निर्माण सैनामैना १ | २००००० | परमेश्वर टोल भवानी पथ सडक स्तरउन्नती सैनामैना १ | २००००० |
| ५ | वडा स्तरीय खेलकुद कार्यक्रम सञ्चालन तथा खेल सामाग्री वितरण सैनामैना ४ | २५०००० | सैनामैना गोल्ड कप खेल सञ्चालन तथा व्यवस्थापन सैनामैना ४ | २५०००० |
| ६ | देउराली पथको लोकमार्ग देखि पहिला खोला जाने बाटो पक्की गर्ने कार्य सैनामैना ११- (५०/५०) | ३००००० | ताली ओखडा सडक कालोपत्रे सैनामैना ११ (५०/५०) | ३००००० |
| | कोटियादेवी टोलमा रहेको अधुरो सामाजिक भवन निर्माण सैनामैना ११ | १५०००० | ताली ओखडा सडक कालोपत्रे सैनामैना ११ (५०/५०) | १५०००० |
| ७ | नदीजन्य पदार्थ निकाशी हुने सडक नाका मर्मत सैनामैना ११ | ४४५००० | ताली ओखडा सडक कालोपत्रे सैनामैना ११ (५०/५०) | २००००० |
| | | | नदीजन्य पदार्थ निकाशी हुने सडक नाका मर्मत सैनामैना ११ | २४५००० |
| ८ | विचौवापुर मोलाई थारुको घर देखिकर्ण बहादुर कुँवरको घर सम्म बाटो स्तरउन्नति सैनामैना ११ | २००००० | दुई मरहान ईटा टोलमा सडकको दायाँबायाँ माटो फिलिङ सैनामैना ११ | २००००० |

निर्णय नं. १२

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. १४८ मिति २०८१/११/२३ गतेको प्राप्त पत्रानुसार सुरक्षित आप्रवासन समी कार्यक्रम सञ्चालनको लागि ५०/५० लागत सहभागिता गर्ने गरी आगामी आ.व. २०८२/०८३ को बजेटमा रु ४४७०५०।को श्रोत सुनिश्चितता गर्ने गरी प्रतिबद्धता गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

लुम्बिनी तिनाउ सामूदायिक पुस्तकालयको प्राप्त पत्रानुसार उक्त पुस्तकालयमा मन्टेश्वरी तालिम सञ्चालनको लागि ४ थान गोलो टेवुल खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

सैनामैना नगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ११५८ मिति २०८१/११/२६गतेको प्राप्त पत्रानुसार सैनामैना नगरपालिकाको ६ र ८ नं. वडामा पर्ने पूर्व पश्चिम लोकमार्गको पानी मेघाहा खोला

वा ईंगुरिया खोलामा निकाशी हुने र वडा नं. ७ को शिवशक्ती टोल डुवान हुनबाट बचाउने गरी सडकको दायाँबायाँ नाली निर्माण गरी योजना कार्यान्वयन गर्न सडक आयोजना कार्यान्वयन कार्यालयलाई लेखी पठाउने निर्णय गरियो ।

## निर्णय नं. १५

सैनामैना नगरपालिका  अन्तर्गत नगर क्षेत्र भित्र बहने नदीको क्षेत्राधिकार कायम गर्ने गरी नदी तथा खोला घोलाको बहाव क्षेत्र कायम गर्ने प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

## निर्णय नं. १६

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २०९ मिति २०८१/११/०५ गतेको पत्रमा उल्लेखित सुझाव र सो साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १७

सैनामैना नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गा तथा चन्दादाताहरुको नाम नामेसी विवरण उल्लेख गरी नगरपालिकाको पूर्व-उत्तरमा शिलालेख राख्ने निर्णय गरियो ।

## निर्णय नं. १८

वर्षामा हुने विपदबाट बचाउनको लागि सैनामैना नगरपालिका अन्तर्गत पहिला खोला, ईंगुरिया खोला र घमाहा खोलामा अधिक मात्रामा जम्मा भएको नदीजन्य पदार्थ निकाशी गर्ने अनुमतिको लागि जिल्ला विपद व्यवस्थापन समिति रुपन्देहीलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. १९

सैनामैना नगरपालिका नगर शिक्षा समितिको मिति २०८१/१०/२० गतेको निर्णय अनुसार रेन्वो मन्टेश्वरी स्कूललाई थप कक्षा ६ सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

## निर्णय नं. २०

सैनामैना नगरपालिका वडा नं. ९ ग्रामीण सडकहरुमा पेभिङ् लगाउने कार्य गर्न रु २००००००। समपुरक कोष तथा शहरी विकास योजनामा ठेक्का आह्वान गर्दा बचत हुने रकमबाट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २१

सैनामैना प्राकृतिक चिकित्सालयलाई सैनामैना नगरपालिका अन्तर्गतका उपचार गराउने विरामीलाई कार्यविधि बमोजिम छुट सेवा उपलव्ध गराउने गरी मागमा आधारित योजना तथा कार्यक्रम शिर्षकबाट रु १००००००। विनियोजन गर्ने निर्णय गरियो ।साथै यस अघि प्राकृतिक चिकित्सालयको डि पि आर तयार गर्न मागमा आधारित योजना तथा कार्यक्रम शिर्षकबाट विनियोजन गरेको रु १०००००। लाई सेवा तथा परामर्श शिर्षकबाट भुक्तानी गर्ने गरी परिवर्तन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २२

सैनामैना नगरपालिका अन्तर्गत ११ ओटै वडामा थ्रि फेज विद्युत मिटर जडान तथा विद्युत क्षमता विस्तार गर्नका लागि तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | विनियोजन | संशोधन | जम्मा कायम |
|---|---|---|---|---|
| १ | कार्यालय सामाग्री छपाई खर्च | ७०००००० | -५००००० | ६५००००० |
| २ | पानी तथा विजुली | २५००००० | +५००००० | ३०००००० |

निरोध प्रजापति

आवण ... प्रमुख प्रशासकीय अधिकृत

...न्द्र प्रसाद शर्मा नगर प्रमुख